# धार्चे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### माछीखोला, गोरखा
गण्डकी प्रदेश, नेपाल

Website dharchemun.gov.np
Email: rmdharche@gmail.com

पत्र संख्या :
चलानी नं. ५५३

मिति : २०७६।११।२४

Dharche Rural Municipality / धार्चे गाउँपालिका / गाउँ कार्यपालिकाको कार्यालय / Office of the Municipal Executive / माछीखोला, गोरखा / Machhikhola, Gorkha, Gandaki Province

# प्रेस विज्ञप्ती

यहि मिति २०७६।११।२१ गतेका दिन जेष्ठ नागरिक तथा अपाङ्ग परिचय पत्र वितरणका लागि धार्चे गाउँपालिका वडा नं. ६ काशीगाउँ जाने क्रममा आरुघाट गा.पा. वडा नं. १ को धोर्चेत जंगलमा गाउँपालिका उपाध्यक्ष लगायत अन्य कर्मचारीहरु चढेको गाडी दुर्घटनाले धार्चे गाउँपालिकाले अपुरणिय क्षती बेहुर्नु परेको छ । उक्त दुर्घटनामा परी ज्यान गुमाउनुहुने वडा नं. ६ मा कार्यरत वडा सचिव लमजुङ्ग वाहुनडाँडा निवासी श्री किरण रिमालको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छौं । साथै शोक सन्तप्त परिवारजन प्रति समवेदना व्यक्त गर्दछौ । उक्त दुर्घटनामा घाईते भई काठमाण्डौ स्थित नर्भिक अस्पतालमा उपचाररत गाउँपालिका उपाध्यक्ष फुलमाया गुरुङ, गाउँपालिकाका कर्मचारीहरु पशु सेवा शाखामा कार्यरत निशा गुरुङ, धार्चे गाउँपालिका राट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागका फिल्ड सहायक शर्मिला गुरुङ, लाप्राक स्वास्थ्य चौकीका ईन्चार्ज धन बहादुर गुरुङ, फोटोग्राफर केयर सिंह गुरुङ, चालक वालचन गुरुङ र फेज नेपाल पुर्णिमा कार्यक्रमका कर्मचारी सुरज नेपालको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । यस दुर्घटनामा परी मृत्युवरण गर्नु भएका राष्ट्रसेवकको परिवारलाई उचित क्षतीपूर्तीको व्यवस्था गर्ने तथा घाईतेहरुको उपचारको लागि पनि सम्पूण व्यवस्था गरिने प्रतिबद्धता व्यक्त गर्दछौं ।

***धार्चे गाउँपालिकाको कार्यालय***
माछीखोला, गोरखा